# संघीय संसद

# प्रतिनिधि सभा, २०७९

पहिलो अधिवेशन

बैठक संख्या - १४

## दैनिक कार्यसूची

२०७९ चैत ५ गते, आइतबार

दिनको १:०० बजे

### राष्ट्रपतिको कार्यालयको पत्रहरु

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त कार्यभार तोकिएको सम्बन्धी पत्रहरुको व्यहोरा जानकारी गराउनु हुने ।

### स्थान रिक्तता

२. सम्माननीय सभामुखले नेपालको संविधानको धारा ६२ को उपधारा (६) र धारा ८९ को खण्ड (क) बमोजिम प्रतिनिधि सभा सदस्यको स्थान एक रिक्त रहेको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१२ को (१) बमोजिम जानकारी गराउनु हुने ।

### व्यवस्थापन कार्य

३. राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिने ।

४. मा० श्री प्रेम सुवालले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि राख्नुभएको विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गरिने ।

५. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" पेश गर्नुहुने ।

६. मा० श्री ज्ञानबहादुर शाही र मा० श्री प्रेम सुवालले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि राख्नुभएको विरोधको सूचनाहरुलाई निर्णयार्थ प्रस्तुत गरिने ।

७. सम्माननीय प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" पेश गर्नुहुने ।

८. प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापति श्री चित्रबहादुर के.सी.ले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव